# कालिका नगरपालिका

नवौं नगरसभामा नगर प्रमुख श्री खुम नारायण श्रेष्ठद्वारा प्रस्तुत

आ.ब. २०७८/७९ को बार्षिक नीति तथा कार्यक्रम

३ असार २०७८

कालिका नगरकार्यपालिकाको कार्यालय

रेडक्रसग्राम चितवन

कालिका नगरपालिका

नगरसभाको नवौं अधिवेशन

वैठक संख्या -१

कार्यसुचि र समय तालिका

वैठक संख्या-१ | वैठक स्थानःमहिला संजाल भवन

अध्यक्षताःनगर प्रमुख श्री खुम नारायण श्रेष्ठ

| मिति | बैठक बस्ने समय | कार्यसुची | कार्यसुची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०७८/०३/०३ | बिहान ११;०० बजे | १.नगर प्रमुखको प्रवेशसंगै राष्टिय गानबाट बैठक प्रारम्भ<br>२.वाग्मति प्रदेश सभाका माननिय सदस्य घनश्याम दाहालज्यूको सम्बोधन<br>३.आगामी आ.व.२०७८/०७९ को बार्षिक निति तथा कार्यक्रम नगर प्रमुखबाट प्रस्तुत<br>४.नीति तथा कार्यक्रम माथि दफाबार छलफल र मिति २०७८/३/१० मा हुने नगरसभाको वैठकमा हुने जानकारी दिदैं नगरप्रमुखबाट बैठक समापनको घोषणा । | नगरप्रमुख | |

## कालिका नगरपालिकाको आ व ०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम

प्रदेश नं. ३ प्रदेश सभाका माननीय सदस्य एवं प्रदेश सभाका शिक्षा स्वास्थ्य तथा कृषि समितिका सभापति माननीय घनश्याम दाहालज्यू
श्री उपप्रमुखज्यू
नगर सभाका सदस्यज्यूहरु
सल्लाहाकार ज्यूहरु

नेपाल सरकारको निर्णयानुसार मिति २०७२ असोज १ गते स्थानीय निकायको रुपमा स्थापित यस कालिका नगरपालिका मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा पुनःसंरचना हुँने सिलसिलामा नगरवासी जनताको चाहना र राजनीतिक शक्तिहरुको प्रयासबाट नेपालको संविधान बमोजिम सवंत २०७३ साल फागुन २७ गते स्थानीय तहको रुपमा स्थापना भएको हो । कालिका नगरपालिका संविधानतः एक स्थानीय सरकारको रुपमा स्थापना भई नगरबासी जनताको सार्वभौम अधिकार, स्वतन्त्रता र स्वःशासनको अधिकारलाई आत्मसात गर्दै, नगरबासीहरुको समृद्धि र सुशासन सहितको समग्र विकासको चाहनालाई हृदयंगम गर्दै, समाजमा रहेका सबै प्रकारका विभेदको अन्त्य गर्दै बहुजातिय, बहुसाँस्कृतिक, वहुधार्मिक तथा भौगोलिक विविधतायुक्त नगरपालिकाको विशेषताहरुलाई आत्मसात गरी विविधता सहितको एकता र ऐक्यवद्ध सामाजिक संरचना र सहिष्णुता र सद्भावलाई प्रवर्धन गरी आर्थिक, सामाजिक रुपमा समृद्ध सामाजिक न्याय सहितको अनुकरणीय नगरपालिका निर्माण गर्ने संकल्पका साथ अगाडी बढीरहेको छ । विकास प्रतिको उत्कृट चाहना, दूरदृष्टि सहितका विकासका योजनाहरु, विकासमा जनताको सहभागिता, सन्तुलित राजनीतिक सम्बन्ध,सहकारी सार्वजनिक निजी साझेदारी, जनमुखी, स्वच्छ र उत्तरदायी प्रशासन मार्फत नगरपालिकालाई बैभवशाली र समृद्ध स्थानीय तहको रुपमा स्थापित गर्ने दिशामा कालिका नगरपालिका अगाडि बढेको छ ।

सभाका सदस्यज्यूहरु

सम्पूर्ण विश्वमा नै माहामारीको रुपमा फैलिएको कोभिड-१९(कोरोना भाईरस) का कारण उत्पन्न चुनौतीपूर्ण र असहज परिस्थिति बिच आज सम्मानित नगरसभामा यस नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

नेपाली जनताको लोकतान्त्रिक गणतन्त्र, समानता र विकासको चाहना अनुरुप पटक पटक भएका विभिन्न आन्दोलनका कारण लोकतान्त्रिक मुल्य एवं मान्यतालाई आत्मसात गर्दै राज्य प्रणालीको क्रमश रुपान्तरण हुँदै आएको छ । राज्य प्रणालीको रुपान्तरणसँगै एकात्मक, केन्द्रिकृत ढाँचाको स्वरुपमा आमूल परिवर्तन गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका क्रममा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धासुमन अर्पण गर्नुका

साथै वेपत्ता तथा घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। यस क्रममा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान गर्न चाहन्छु।

कोभिड-१९ का कारण विश्वभर महासंकट उत्पन्न भईरहेको छ । यस माहामारीबाट विश्वभर लाखौ मानिसहरुको ज्यान गईसकेको छ भने करौंडौको संख्यामा मानिसहरु संक्रमित भईरहेका छन्। नेपाल पनि यस माहामारीबाट अछुतो रहन सकेको छैन, लाखौ व्यक्ति संक्रमित भएका छन् र हजारौको संख्यामा मृत्युसमेत भईसकेको छ। यस नगरपालिका लगायत देशभरमा कोभिड-१९ का कारण ज्यान गुमाएका व्यक्तिहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै मृतकको परिवारजनमा गहिरो समवेदना र संक्रमितहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

कोभिड-१९ को संक्रमणबाट बच्न यस नगरपालिकामा पनि हरसम्भव प्रयास गरिएको छ, हालसम्म २६६४ जनालाई खोप लगाई सकिइएको छ र बाँकी लाई पनि खोप लगाउन पहल भईरहेको छ, नगर अस्पतालमा कोभिड उपचारको लागि २० बेडको आईसोलेसन वाड तयार गरी उपचार भईरहेको छ र कोभिडका विरामीहरुको उपचारमा निशुल्क एम्बुलेन्स सेवा लगायत उपचार समेत निशुल्क गरिएको छ।

१) यस जोखिमपूर्ण परिस्थितिमा यसको रोकथाम तथा नियन्त्रणका लागि अग्रपङ्तीमा रही सेवा गर्ने जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण कर्मचारी तथा व्यवस्थापनको कार्यमा संलग्न सबैमा हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु। यसका साथै यस संकटको घडिमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग, सवन्वय तथा सहकार्यमा साथ दिने राजनितिक दल, निजी क्षेत्र, सहकारी संस्था, संचार क्षेत्र तथा सम्पूर्ण व्यक्तीहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

२) विषम परिस्थितिका वावजुद पनि नगरपालिकाले विकास निर्माणका कार्यहरुलाई स्वास्थ्य सुरक्षका मापदण्ड अवलम्बन गरी अगाडि बढाउँदै आएको छ। कालिका नगरपालिका क्षेत्रमा कृषि उत्पादन, पशुपंक्षी पालन, महत्वपूर्ण पूर्वाधार निर्माण का कार्य उल्लेख्य रुपमा अगाडि बढेको छ। शहरी क्षेत्रका मुख्य सडकहरु कालोपत्रे गर्ने कार्य भईरहेको छ भने पहाडि क्षेत्र सिद्धि जोड्ने सडकलाई पनि उच्च प्राथमिकता दिएर निर्माण कार्य भईरहेको छ।

३) सबै वडामा स्वास्थ्य सेवा निरन्तर गर्ने नीति अनुरुप सबै वडा कार्यालयमा आधारभूत स्वास्थ्य केन्द्र निर्माणको कार्य सम्पन्न हुने चरणमा रहेको छ र नगर क्षेत्रमा रहेको एक मात्र अस्पताल कालिका नगर अस्पतालले महत्वपूर्ण सेवा उपलब्ध गराएको छ भने आगामी आर्थिक वर्षमा दन्त चिकित्सा लगायतका सेवाहरु विस्तार गरिने गरी तयारी गरिएको समेत जानकारी गराउन चाहन्छु।

४) शैक्षिक सुधारमा उल्लेख्य कार्य गरेको नगरपालिकाले विद्यालय पूर्वाधार निर्माणको कार्य अगाडि बढाईरहेको छ भने विद्यालयमा बालबालिकाको पहुँच बढाउन विद्यालय यातायात, दिवाखाजा,छात्राबास जस्ता कार्यक्रम निरन्तर रुपमा संचालन गर्दै आएको र आगामी आ व मा शैक्षिक गुणस्तर सुधारमा केन्द्रित भई नमुना विद्यालय अवधारणा अगाडि सारिएको छ।

कालिका नगरपालिकाको निर्वाचित नगर कार्यपालिका वा स्थानीय सरकारको प्रमुखको हैसियतले आर्थिक वर्ष २०७८/०७९ मा अमलम्बन गरिने विकासका नीतिहरु यस गरिमामय सम्मानित नगरसभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित महशुस गरेको छु । प्रदेश नं. ३ प्रदेश सभाका माननीय सांसदज्यूबाट यस नगरसभालाई सम्बोधन गरेर यस नगरसभाको बैठकको ओज र गरिमा वृद्धि मात्र नभई यस क्षण ऐतिहासिक क्षण बनेको महसुस गरेको छु ।

पूर्वमा खैरहनी र राप्ती नगरपालिका पश्चिममा भरतपुर महानगरपालिका उत्तरमा इच्छाकामना गाउँपालिका र धादिङ जिल्लाको बेनीघाट रोराङ गाउँपालिका दक्षिणमा रत्ननगर नगरपालिका बिच रहेको यस नगरपालिका सुन्दर खोलानाला र झरना सहितको पहाडी भूबनोट, खेतीयोग्य समथर फाँट, जंगली जीव जन्तु तथा जलचर थलचरको बासस्थान रहेको हरियाली जंगलक्षेत्र, प्रयाप्त भूमीगत पानीको भण्डार रहेको भौगोलिक बनौटका कारण प्रर्याप्त अवसर र सम्भावनाको खानीको रुपमा रहेको छ।बसोबासका हिसाबले ब्राम्हण, क्षेत्री, आदिबासी, जनजाती, दलित, अल्पसंख्यक तथा सिमान्तकृत समूदायको समिश्रणले यस नगरपालिकालाई साँस्कृतिक विविधतायुक्त बनाएको छ । यद्पी छोटो सस्थागत इतिहास बोकेको नगरपालिकाको सिमित श्रोत र साधनबाट नगरबासीहरुको उच्च आकांक्षा र आवश्यकता पूरा गर्नु चुनौतिपूर्ण भए पनि प्रस्तावित प्रदेशस्तरको औधोगिक क्षेत्रको कार्यान्वयन, सघीय सरकार, प्रदेश सरकार, दातृ निकायहरु तथा निजी क्षेत्र र नगरपालिकाबाट सञ्चालन हुने आर्थिक विकास तथा पूर्वाधार विकासका कार्यहरुले समृद्ध कालिका नगरपालिका निर्माणको यात्रामा सम्भावना र अवसरहरु पनि देखेको छु । नगरवासीहरुको सलंग्नता, सहयोग, सुझाव र सुभेच्छा प्राप्त भएमा विकासका थुप्रै सम्भावनाहरु पनि सँगसँगै देखेको छु । जन निर्वाचित स्थानीय सरकारको रुपमा रहेको कालिका नगरपालिका नगर कार्यपालिकाले आफ्ना चार बर्षको अनुभवमा अग्रगामी विकास र आर्थिक समृद्धिका लागि विकासका उपयुक्त नीति, योजना र कार्यक्रम छनौट, तर्जुमा र कार्यान्वयनको विस्तृत कार्ययोजना बनाएर अघि बढ्नु अनीवार्य शर्त भएको महसुस गरेको छु । नगरपालिकाको आर्थिक, सामाजिक तथा भौतिक विकासका लागि उद्यमी, व्यवसायी, विकास साझेदारहरु, सामाजिक संघ संस्था, वुद्धिजिवीहरुको संलग्नता र सहयोगको नगरपालिकाले सदैव अपेक्षा राखेको छ ।

प्रदेश नं. ३ प्रदेश सभाका माननीय सदस्य एवं प्रदेश सभाका शिक्षा स्वास्थ्य तथा कृषि समितिका सभापति माननीय घनश्याम दाहालज्यू

श्री उपप्रमुखज्यू

नगर सभाका सदस्यज्यूहरु

सल्लाहाकार ज्यूहरु

अब म यस कालिका नगरपालिकाको आर्थिक बर्ष २०७८/७९ का लागि लिइने वार्षिक विकासका नीतिहरु यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

१. भूमीहीन र विपन्न, गास बास र कपासको आधारभूत आवश्यकताका लागि सङ्घर्ष गरिरहेका जनताको लागि जनताले स्थानीय सरकारको अनुभूत गर्ने गरी रोजगार, जनता आवास तथा उद्यम विकास कार्यक्रम जस्ता जनताको जीवनशैलीमा प्रत्यक्ष परीवर्तन ल्याउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिईनेछ ।साथै संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी भूमिहीन बाढीपिडित र अव्यवस्थित रुपमा बसोबास गरिरहेका जनताको आवासको हक सुनिश्चित गर्ने नीति अबलम्बन गरिनेछ ।संविधान प्रदत्त आवासको मौलिक हकलाई सारभुत गराउन विपन्न जनताका लागि मेयर आवास कार्यक्रम लागू गरिनेछ ।

२. नगरपालिकामा बढ्दो जनसंख्याको चाप र सहरीकरणलाई व्यवस्थित गर्न खुला स्थानहरुको प्रयास व्यवस्था गर्ने, सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने, मुलुक र जनताको स्वतन्त्रता, अधिकार र प्रजातान्त्रिक व्यवस्थाका लागि संघर्ष गर्ने महान व्यक्तिहरुको नामबाट बाटिका निर्माण गरी सहरी सौन्दर्यतामा अभिवृद्धि गर्ने र राष्ट्रियतामा टेवा पुर्‍याउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिईने छ ।

## कृषि तथा पशुपन्छी

1. कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषकहरुलाई मल बिउ वितरणमा अनुदान,प्राविधिक सहयोग र साना तथा मझौला सिँचाई आयोजना सञ्चालन गर्ने नीति लिईने छ ।
2. परम्परागत एवम निर्वाहमुखी कृषि तथा पशुपालनलाई व्यवसायिकरण गर्दै नगरबाटकृषि तथा पशुपन्छीजन्य उत्पादन निर्यातमा सहजीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

3. पशुपन्छी रोगहरुको रोकथाम नियन्त्रण गरि स्वच्छ उत्पादनमा जोड दिदै पशुपन्छीलाई खोप औषधीतथा उपकरणको व्यवस्था मिलाईने छ ।
4. कृषि उपजको बजार सम्म पहुँच स्थापना गर्न सहकारी क्षेत्र संग सहकार्य गरिने छ ।
5. कृषि उत्पादनको अधिक उत्पादन हुने समयमा उत्पादनले बजारमा मुल्य नपाउने कृषकहरुले न्यून मुल्यमा उत्पादन बिक्री गर्नु पर्ने बाध्यतालाई न्यून गर्न कृषि उपजको प्रशोधन गरी बजारमा पठाउन सहकार्य गर्न कृषि सहकारी संस्थाहरुको साझेदारीमा कृषि उपज प्रशोधन गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।
6. कृषकहरुलाई घरदैलोमा प्रविधिक सहयोग उपलव्ध गराउने कार्यलाई आगामी आर्थिक बर्षमा पनि निरन्तरता दिईने छ ।
7. कृषिकार्यलाई आधुनिकीकरण गर्न यन्त्र तथा उपकरण खरिद गर्न अनुदान दिने नीतिलाई निरन्तरता दिईने छ ।
8. व्यवसायिक रुपमा कृषि उत्पादन गरी स्वरोजगार तथा रोजगारी सृजना गर्ने र सामूहिक खेती गर्ने कृषकहरुको समूहहरुलाई विशेष अनुदान दिईने छ ।
9. जग्गा भाडामा लिई सामूहिक खेती तथा बोरिंग सिंचाई प्रणालीबाट खेती गर्ने कृषकलाई लाग्ने बिद्युत महसुलमा आंशिक अनुदान दिने नीति अवलम्बन गरिनेछ ।
10. पशुजन्य र पन्छीजन्य उत्पादन गर्ने कृषकहरुलाई प्राविधिक सहयोग र गोठ सुधार कार्यक्रम लाई निरन्तरता दिईने छ ।
11. पशु तथा पन्छी जन्य उत्पादनलाई वजार सम्म पहुँच बढाउन र उत्पादनलाई प्रशोधन गर्ने कार्यमा सहकारी संस्थाहरु संग सहकार्य गरिने छ ।
12. कृषि तथा पशुपालन व्यवसायलाई रोजगारीको महत्वपूर्ण क्षेत्रको रुपमा विकास गर्न नमूना परियोजना संचालन गर्ने नीति लिईने छ ।
13. कृषि तथा पशुपन्छी व्यवसाय संचालन गर्ने कृषकलाई व्यवसाय कर छुट लाई निरन्तरता दिईने छ ।
14. कृषि जन्य उत्पादन (दुध )लाई प्रशोधन गरि विभिन्न परिकार तयार गर्नका लागि आवश्यक पर्ने उपकरण खरिदमा अनुदानको व्यवस्था मिलाईने छ ।
15. "पशुमा नश्ल सुधार, उत्पादकत्व बृद्धिको आधार " भएकोले गाई भैंसी र बाख्राको कृतिम गर्भाधान कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी नश्ल सुधार पशुहरुको संख्या बृद्धिमा जोड दिईने छ ।
16. कृषकको लागतमा कमि ल्याई पशुजन्य उत्पादनको लागि खुला क्षेत्रमा घास बिकासमा जोड दिईने छ ।जसको लागि घास तथा बिउ/ बेर्नामा अनुदानको व्यवस्था मिलाईने छ ।
17. निर्वाहमुखी कृषकलाई व्यवसायिक बनाउनका लागि प्रोत्साहन स्वरूप दिदै आएको उत्पादनमा आधारित अनुदान, पुरस्कार र गोठ/खोर मर्मत सुधार आदिलाई निरन्तरता दिईनेछ।

18. कृषि तथा पशुपालन कार्यलाई उद्यमशिलताको रुपमा स्थापना गर्ने तथा नयां प्रविधिको लागि तालिम गोष्ठी भ्रमण जस्ता कार्यक्रम संचालन गर्नुका साथै व्यवसायिक फर्महरूलाई यन्त्रिकीकरण अनुदानको व्यवस्था गरिने छ ।

19. उन्नत पशु आहारको बिउ/बेर्नाको श्रोत केन्द्र स्थापना गरि संचालन गर्न समूह/सहकारीलाई प्रोत्साहित गरिनेछ ।

20. कुरिलो तथा सोईजन (सित्तल चिनी )को व्यवसायिक खेतीलाई प्रवर्धन गरिने छ ।

21. पशुसेवामा संलग्न सरकारी तथा निजी स्तरका प्राविधिकहरुलाई ज्ञान, सीप को लागि तालिम /भ्रमण /गोष्ठीको व्यवस्था मिलाईने छ ।

22. अधुरा सिंचाई तथा सतही सिंचाईलाई प्राथमिकता दिई कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिने छ ।

23. दुग्ध उत्पादक कृषक र सहकारी वा व्यापारीविचपशुजन्य, फलफूल तथा तरकारी उत्पादक कृषक र वजारविचको उचित मूल्य श्रृंखला कायम गरी कृषकहरुको उत्पादनको यथोचित मूल्य प्रदान गर्न नगरपालिकाबाट संघीय, प्रादेशिक तथा स्थानिय कानून बमोजिम सहजीकरण र नियमनका उपायहरु अवलम्वन गरिनेछ।

24. कृषि खेतीलाई व्यवसायीकरण, बजारीकरण र बिस्तारीकरणको लागि आवश्यक पर्ने पूर्वाधार सिंचाई,शितगृह,संकलन केन्द्र,माटो परिक्षण र सामुहिक खेती तथा कृषि सञ्जालीकरण मार्फत नगरपालिका क्षेत्रभित्र कृषि उत्पादनको प्रवर्द्धनमा जोड दिने नीतिलाई निरन्तरता दिईनेछ।

25. नगरपालिका भित्रका सहकारी,बाणिज्य बैंक, विकास बैंक लगायतका वित्तीय संस्थाहरुसँग सहकार्य गरी लघु,घरेलु तथा साना उद्योगहरुलाई लघु वित्त, लघु कर्जा लगायतका वित्तीय सेवा प्रदान गरी स्वरोजगार बन्न प्रेरित गर्ने र सीपमा आधारित उद्योगहरुको विकास र प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ। स्थानीयहरुमा सिप विकास गरी बैदेशिक रोजगारबाट फिर्ता भएका नागरिकहरुलाई सिपको आधारमा संचालन गर्ने उद्यमहरुमा समेत स्थानीयहरुलाई स्थापित गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

26. संघीय सरकारबाट हस्तान्तरित भई आएको गरिबसँग विश्वेश्वर कार्यक्रम मार्फत साना तथा लघु उद्यमको विकास गरी विपन्न समुदायको जिविकोपार्जन र आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

27. उद्यम विकासको लागि स्थानीय युवाहरुलाई मार्गदर्शन गर्न र उद्योग स्थापना,सञ्चालन र लागत प्रतिफल दरका विषयमा जानकारी गराउन लघु तथा साना उद्यमसँग सम्बन्धित विज्ञ तथा उद्यमीहरु सहितको टोलीबाट अध्ययन गराई उद्यमहरुको विस्तृत स्किम सहितको उद्यम प्रोफाईल तयार गरिनेछ।

28. कोभिड १९ र कोभिडको नयाँ भेरियन्टबाट प्रभावित भई विदेशबाट फर्किएका युवायुवतीलाई कृषि क्षेत्रमा रोजगारी सृजना गर्ने नीति लिईनेछ।

29. उत्कृष्ट कृषकलाई प्रोत्साहन गरि युवा जमातलाई व्यवसायिक कृषितर्फ आकर्षित गर्ने निति अबलम्बन गरिने छ।

## उद्योग तथा रोजगारी र सिप विकास

1. कृषि उत्पादन, पशुपन्छी जन्य उत्पादन तथा प्रशोधन र दुधलाई प्रशोधन गरी मिठाई,मिठाई,खुवा जस्ता उत्पादन गर्न उद्योग स्थापना गर्न चाहने उद्यमीहरुलाई स्थानीय कर सहुलियत र आवस्यक भौतिक पुर्वाधार निर्माणमा सहयोग गरिने छ ।
2. नगरक्षेत्रमा बेरोजगारहरुको तथ्यांङ्क संकलन गरी व्यक्तिको क्षमता अनुसार वायरिङ्ग, प्लम्विङ्ग, पेन्टिङ्ग, डकर्मी, सिकर्मी, सिलाई कटाई, हस्तकलाका सामान वनाउने लगायतका मागमा आधारीत सिप विकासका तालिमहरु प्रदान गरिने छ ।
3. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत रोजगारी सृजनाका कार्यक्रमलाई निरन्तरता दिईने छ ।
4. नगर क्षेत्रमा उद्योग स्थापना र संचालन गर्ने कार्यमा निजी क्षेत्र संग सहकार्य गरिने छ ।
5. स्थानिय उद्योगका लागि आवश्यक प्राबिधिक जनशक्तिको तयारीका लागि सिप विकास तालिम केन्द्रसंग समन्वय गरि तालिम संचालन गर्ने व्यवस्था मिलाईने छ |
6. गरिवी न्यूनिकरणका लागि लघु उद्यम विकास कार्यक्रमको माध्यमबाट सिपविकास सहित प्रविधि उपलब्ध गराई १०० जनालाई उद्यमी बनाउने कार्यक्रम सञ्चालन गरिनेछ।
7. कृषिमा आधारित उद्योग स्थापना गर्ने उद्योगीलाई प्राथमिकता दिईने छ |
8. प्राचिन कालदेखि चलिआएको साना तथा घरेलु औजार उद्योगलाई प्रोत्साहित गरीने छ।

## पर्यटन तथा संस्कृति संरक्षण तथा प्रवर्धन

1. आन्तरिक पर्यटन प्रवर्धन गर्न नगर क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रहरुको पहिचान तथा विकास गर्न पर्यटन प्रोफाईल निर्माण तथा पर्यटन विकास योजना तयार गरिने छ ।
2. पर्यटकीय स्थल सम्म पुग्ने पहुँच मार्ग निर्माण गरी आन्तरिक पर्यटन प्रवर्धन गरिने छ ।
3. क्यानोनिङ्ग, जीपफ्लायर, ट्रेकिङग, हाईकिङ्ग जस्ता साहसिक पर्यटन र जीप सफारी जस्ताविकासको संभावनाहरुको खोजी गरी त्यस्ता क्षेत्रमा सार्वजनिक निजी साझेदारीमा कार्यक्रम संचालन गरिने छ ।

4. सिन्ती,चित्राम,गैरीबारी झरना र निबुवाटार सामुदायिक वन टुँडिखेल,कालिका मन्दिर, भिमवली पार्क, पदमपुर सामुदायिक वन, लट्टेश्वरमन्दिर, थांगखोलाभ्युटावर,चतुर्मुखी पार्क,गड्वा तालभ्युटावरलाई पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ।
5. सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई नगरक्षेत्रका पर्यटकीय स्थल भ्रमण गराउने व्यवस्था मिलाईनेछ ।
6. नगर क्षेत्रमा रहेका पर्यटकीय स्थल तथा पार्कको संचालन तथा व्यवस्थापन गर्न उपयुक्त विधी तयार गरि लागु गरिनेछ ।
7. स्थानीय भाषा धर्म तथा संस्कृति संरक्षण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।साथै कला र भाषा साहित्य सम्वर्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
8. पर्यटन विकास तथा संस्कृति संरक्षण एवम पूर्वाधारका लागि प्रार्थमिकता दिईने छ ।
9. कालिका ९ सेरवासका साथै अन्य स्थानमा निजि क्षेत्रसंगको साझेदारीमा होम स्टे स्थापना गर्न आवश्यक व्यवस्था मिलाईने छ |
10. उदयपुर सामुदायिक वनसंगको साझेदारीमा वन भित्रको पार्कमा कफी सप सहितको *FREE WIFI ZONE*को व्यवस्था मिलाईनेछ |
11. आदिवासी जनजातीहरुको सस्कृति संरक्षणमा जोड दिईनेछ |
12. नेपाली भाषा अध्यापन गराउने नेपाली शिक्षकहरुलाई भाषा सम्बन्धि तालिम उपलब्ध गराइनेछ |
13. भिमवली सामुदायिक बनदेखि पदमपुर सामुदायिक बन, थाङखोला सामुदायिक वन, उदयपुर सामुदायिक बन हुदैं अमलाचुली सामुदायिक बन सम्म फायर लाईन बिस्तार गरिने छ।

## सहकारी क्षेत्र

1. कालिका नगरपालिका कार्यक्षेत्र रही संचालनमा रहेका सहकारी संस्थाहरुको सहकार्यमा संस्थाको परिचय सहितको बिवरण खुलेको प्रोफाईल निर्माण गरि प्रकाशन गरिने छ ।
2. कृषि तथा पशुपन्छीको विकासको क्षेत्रमा सहकारी क्षेत्रसंग सहकार्य गरी साझेदारीमा कार्यक्रम संचालन गरिने छ ।
3. सहकारीका व्यवस्थापक वा लेखामा कार्यरत कर्मचारीहरुलाई कोपोमिस सम्बन्धी तालिम सहकारी बिभागसंगको सहकार्यमा उपलब्ध गराईने छ|

## राजश्व तथा बजार अनुगमन

1. चालु आर्थिक वर्ष भित्र राजश्व सुधार योजना निर्माण गरी सोही अनुसार राजस्वका दरहरु परिमार्जित गर्दै लगिने छ |

2. दर्ता नगरी संचालनमा रहेका व्यवसायलाई करको दायरा भित्र ल्याइने छ|
3. नयां आम्दानीका श्रोतहरुको खोजी गरी नगरलाई आर्थिक सम्पन्न बनाउन आवश्यक पहल गरिने छ ।
4. वजार अनुगमन कार्यलाई निरन्तरता दिईने छ ।
5. नगर क्षेत्र भित्रका व्यवसायीलाई कर, नाप तौल तथा गुणस्तर सम्वन्धि तालिमको आयोजना गरी डिजिटल तौलको प्रयोगमा प्रोत्साहन गरिनेछ ।

## शिक्षा

1. नगरपालिकाले सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार निर्माणको कार्यलाई निरन्तरता दिईने छ ।
2. विद्यालय व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधार गर्न सामुदायिक विद्यालयहरु र नीजि विद्यालयहरु वीच अन्तरआवद्धता गरीशिक्षकहरुको तालिम तथा क्षमता विकासका कार्यक्रमहरु संञ्चालन गरिने छ ।
3. विद्यालय संञ्चालन तथा व्यवस्थापनलाई व्यवस्थित र प्रभावकारी बनाउन विद्यालय समायोजन गर्ने नीति अपनाइने छ ।
4. भौगोलिक अवस्था र विद्यालयको आवस्यकता र माग बमोजिम विद्यालयलाई स्तरउन्नती गर्दै लगिने छ ।
5. आधारभूत तहको स्थानिय शैक्षिक पाठ्यक्रममा तयार गरि यहि शैक्षिक सत्रबाट लागु गरिने छ ।
6. विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि निरन्तर अनुगमन मुल्यांङ्कन प्रणालीको विकास गरी लागु गरिने छ ।
7. विपन्न परिवारका छात्र छात्राहरुलाई विद्यालयमा पहुच पुर्याउने कार्यमा सहयोग गरिने छ ।
8. ग्रामिण भेगका विपन्न दलित तथा चेपाङ्ग समुदायका विद्यार्थीहरुको लागि छात्रबास निर्माण तथा संचालन गरिने छ ।
9. विद्यालय यातायात कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिईने छ ।
10. विद्यालयमा विद्यार्थीको आकर्षण बढाउन दिवा खाजालाई निरन्तरता दिईनेछ ।
11. कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई सेनेटरी प्याड वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ|

12. नगरक्षेत्र भित्रका सामुदायिक बिद्यालयलाई नमुना बिद्यालयको रुपमा विकास गर्ने कार्यक्रम तय गरी संचालन गरिनेछ ।
13. विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि प्रधानाध्यापक संग कार्य सम्पादन सम्झौता गरिने छ । जसलाई मूल्यांकनको आधार बनाईने छ ।
14. विद्यालयमा रहेको शिक्षक आवश्यकतालाई पुरा गर्न तथा दरबन्दी मिलानबाट देखिएको आवश्यकताको आधारमा शिक्षक स्वयंसेवक परिचालन गरिनेछ।
15. प्रविधिक शिक्षा अध्ययन गर्ने छात्र/छात्रा लाई छात्रवृति प्रदान गरिनेछ ।
16. कोभिड १९ को कारणले अभिभावक गुमाएका छात्रछात्रालाई छात्रवृत्ती प्रदान गरिनेछ।
17. राष्ट्रपति रनिङशिल्ड, मेयर कप तथा अन्य खेलकुदका प्रतियोगिता कार्यक्रम संचालन गरिनेछ ।
18. विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि खेलकुद् सामाग्री उपलव्ध गराईने छ ।
19. खेल मैदानको निर्माण स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
20. युवा लक्षित कार्यक्रमहरु युवाहरुकै सहभागितामा तयार गरी संचालन गरिने छ।
21. यस नगरभित्र रहेका सामुदायिक प्रतिष्ठानहरुको संरक्षण र साहित्यिक उत्थानका लागि सहयोग गर्ने र पुस्तक प्रकाशन गर्ने प्रतिष्ठान तथा ब्यक्तिहरुलाई प्रोत्साहन गरिने छ।

## स्वास्थ्य

1. कोरोना भाईरसको विश्वव्यापी महामारीको कारण यस नगरपालिका अछुतो रहन सकेन, कोभिडको रोकथाम नियन्त्रण र उपचारमा नगरपालिका अहोरात्र खटिरहरहेको छ । आगामी दिनहरुमा पनि उक्त रोग विरुद्द नगरपालिका निरन्तर लागिरहने प्रतिबद्दता व्यक्त गर्दछु ।
2. कोभिडका विरामीहरुको उपचारकोलागि कालिका नगर अस्पतालमा अक्सीजन सहितको बीस सैयाको आईसोलेशन तयार गरी निशुल्क उपचारको व्यवस्था गरिएको छ । आगामी वर्षमा पनि पुर्व सतर्कता अपनाई यो सेवालाई निरन्तरता दिईनेछ ।
3. कालिका नगर अस्पतालको भौतिक पुर्वाधार निर्माण र उपकरणको व्यवस्था गरी दन्त चिकित्सा तथा भिडियो एक्स-रे को सेवा विस्तार गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउदै लगिनेछ । एम्वुलेन्स तथा शववाहन सेवा संचालन गरिने छ ।
4. सुरक्षित मातृत्व तथा शिशुहरुलाई पुर्ण खोप को सुनिश्चितता गरिनेछ ।
5. सबै वडाहरुमा स्वास्थ्य संस्था भवन निर्माण गर्ने कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरी सबै वडाबाट नै स्वास्थ्य सेवा संचालन गरिने छ ।
6. अस्पताल र स्वास्थ्य चौकीहरुमा थप स्वास्थ्य सुविधा तथा प्रयोगशाला परीक्षण सेवाहरु विस्तार गरिने छ ।

7. स्वास्थ्य बिमालाई व्यवस्थित तरिकाले अगाडी बढाउन प्रत्येक वडामा दर्ता सहयोगीको व्यवस्था गरिने छ।
8. ८० वर्ष भन्दा माथिका जेष्ठ नागरीकको स्वास्थ्य जाँच गर्न धरदैलोमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
9. कालिका नगरपालिका क्षेत्र भित्र स्थाई बसोवास गरेका र Kidney Transplant गरेका बिरामीको हकमा Transplant पछि आवश्यक पर्ने औषधी खरिद गर्न आर्थिक सहायता प्रदान गरिने छ |
10. कालिका नगरपालिकामा सेवारत महिला स्वयंसेविकाहरुको मनोवल उच्च राखी सामाजिक सेवामा परिचालन गरिने छ | साथै ६० वर्ष उमेर पुगी सकेका महिला स्वयंसेविकाहरुलाई सम्मानजनक बिदाई गरिने छ |
11. कोभिडका बिरामीलाई निशुल्क एम्बुलेन्सको व्यवस्था गरिनेछ।
12. आवाश्यकता अनुसार बर्थिङ सेन्टरको सेवा बिस्तार गरिने छ।
13. आयुर्वेद, आरोग्य सेवा केन्द्र मार्फत सेवालाई प्रभावकारी बनाईने छ।

## खानेपानी तथा सरसफाई

1. नगरक्षेत्रका सम्पुर्ण घरधुरीमा गुणस्तरीय खानेपानी सेवा विस्तार गर्दै वडा नं १० र ११ का सवै घरधुरीलाई खानेपानीको सुबिधा उपलब्ध गराउने गरीविशेष कार्यक्रम संचालन गरिने छ ।
2. नगर क्षेत्रमा व्यक्तिगत,पारिवारिक तथा सामुदायिक सरसफाई वृद्धि गर्न खानेपानी तथा सरसफाई स्वच्छता सम्वन्धी योजना तयार गरी अभियानको रुपमा संचालन गरिने छ ।
3. सहरी ग्रामिण क्षेत्रका सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गरिने छ |

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

1. संङ्घीय सरकारले जारी गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई स्थानीयकरण गरी आवश्यक कार्यक्रम संचालन गरिने छ ।
2. नगरपालिकाको बजेट तथा कार्यक्रमबाट महिला र पुरुषले समान रुपमा लाभ लिन सक्ने गरी बजेट तथा कार्यक्रमलाई लैङ्गिक संवेदनशील वनाईने छ ।
3. नगरपालिकाको बजेट तथा कार्यक्रमको लैङ्गिक सहभागिताको अनुपात हेरि कमजोर क्षेत्र लाई थप प्राथमिकता दिई कार्यक्रम संचालन गरिने छ ।
4. महिला, वालवालिका, फरक क्षमता भएका, जेष्ठ नागरिक, विपन्न, असहाय लगायतका आदिवासी जनजाती, दलित, सिमान्तकृत समुहलाई मुल प्रवाहमा ल्याई कार्यक्रम संचालन गर्न प्राथमिकता दिईनेछ ।
5. बालश्रम तथा बालविवाहलाई निरुत्साहित हुने कार्यक्रम तय गरी संचालन गरिनेछ |

6. वालमैत्री नगर बनाउन आवश्यक पूर्वाधार तयार गरी कार्यक्रमहरु तय गरी सोही बमोजिम संचालन गरिने छ ।

7. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम अन्तरगत क्षमता विकासका कार्यक्रम सञ्चालन गर्दा महिला पुरुष समविकासको अवधारणा अनुरुप गरिने छ ।
8. लैंगिक हिंसा निवारण,मानव बेचबिखन तथा ओसारपोसार नियन्त्रणका लागि बिभिन्न किसिमका सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । हरेक वडामा निगरानी समुह( Watch group )गठन तथा परिचालन गरिनेछ ।
9. महिला तथा वालवालिकाहरु कुनैपनि किसिमका हिंसाजन्य तथा दुर्व्यवहार वा जोखिम मा परेमा तत्काल उद्धार गर्न कोष स्थापना गरी संरक्षण गर्ने व्यवस्था मिलाईने छ ।
10. आमाविहिन अति विपन्न बालबालिकालाई विशेष आर्थिक सहायताको योजना ल्याईनेछ।
11. महिलाहरुको सिप र क्षमता विकास गरी आयआर्जन तथा स्व-रोजगार बन्न प्रेरित गर्ने कार्यक्रम संचालन गरिने छ ।
12. अपाङ्गता सम्बन्धी "ग" वर्ग (पहेलो कार्ड ) कोपरिचय पत्र प्राप्त गरेका अपाङ्गता भएका व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराईने छ। मासिक भत्ता प्रदान गरिने छ ।
13. जेष्ठ नागरिकका लागि जेष्ठ नागरिककै सहभागितामा कार्यक्रम संचालन गरिने छ ।
14. "फालौं हामीले समाजका विकृति बन्धन, गरौं सबैले ज्येष्ठ नागरिकहरुको सम्मान" भन्ने कुरालाई आत्मसाथ गर्दै ज्येष्ठ नागरिकहरुको मनोरञ्जनको लागि विश्रामस्थल तथा धार्मिक भ्रमण जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## गैर सरकारी संस्था परिचालन

1. गै.स.स.का कार्यक्रमलाई स्थानीय मागका आधारमा संचालन गर्ने गरी व्यवस्थित गरिने छ।
2. गैर सरकारी संस्था ले कार्यक्रम संचालन गर्नु पूर्व नगरपालिकाको अनिवार्य स्वीकृति लिई संचालन गर्नुपर्ने, र प्रत्येक ६ महिनामा प्रगति बिवरण पेश गर्नुपर्ने नीति अवलम्वन गरिने छ।
3. गैर सरकारी संस्था ले आगामी आर्थिक वर्षको कार्यक्रम नगर—सभामा अनिवार्य पेश गर्नुपर्ने व्यवस्था मिलाईने छ।
4. गैर सरकारी संस्था ले कार्यक्रम संचालन गर्नु पुर्व नगरको सामाजिक बिकास समितिमा आफ्नो कार्यक्रम प्रस्तुत गरेपश्चात मात्र स्वीकृति प्रदान गर्ने नीति अवलम्वन गरिने छ ।
5. गैर सरकारी संस्था ले कार्यक्रम संचालन गर्दा स्थानीय पदाधिकारी र सम्बन्धित शाखालाई जानकारी गराएर मात्र गर्ने व्यवस्था मिलाइने छ ।

## पूर्वाधार तर्फ

1. पूर्वाधार निर्माण सम्बन्धी योजना तर्जुमा गर्दा सकेसम्म थोरै संख्यामा तर बढी भन्दा बढी जनसंख्या, आर्थिक, सामाजिक र भौगोलिक क्षेत्र समेट्ने गरी योजना तर्जुमा गरिने छ ।

2. पुर्वाधार निर्माण सम्बन्धी योजना तर्जुमा गर्दा रु.सामान्यतया पाँचलाख भन्दा बढी रकम बिनियोजना हुने गरी योजना तर्जुमा गरिने छ।
3. बीसलाख भन्दा बढीलागतका आयोजनाहरु प्रतिस्पर्धात्मक खरिद प्रक्रिया मार्फत कार्यान्वयन गरिने छ ।
4. नगरस्तरीय र ठुला प्रकृतिका आयोजना सञ्चालन गर्दा लागत साझेदारीमा सम्बन्धित उपभोक्ता समुदायको बढी भन्दा बढी योगदानमा आधारित आयोजाना छनौट गरी सञ्चालनगर्ने कार्यलाई प्राथमिकता दिइने छ ।
5. उपभोक्ता समिति/निर्माण समितिमार्फत सञ्चालनगर्ने नियमित आयोजनाहरुको हकमा उपभोक्ता समिति / निर्माण समिति को योगदानलाई अझ व्यवस्थित गरी एकरुपता कायम गरिनेछ र सोही आधारमा आयोजना सञ्चालन गरिनेछ।
6. पुर्वाधार निर्माण सम्बन्धी आयोजना तर्जुमा गर्दा वातावरणीय सन्तुलन र संरक्षण कार्यसमेतलाइ समेट्ने गरी योजना तर्जुमा गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
7. नगरपालिकाको चक्रपथ निर्माण तथा नगर भित्रका सहायक सडकहरुलाई मुख्य सड़कसंजालसंग जोड़ने कार्यलाई प्राथामिकता दिइने र सबै सडकहरु क्रमशः कालोपत्रे गर्दै लगिनेछ। पहाडी सडक बाहै महिना संचालन हुने गरी स्तरउन्नती गर्ने कार्यलाई विशेष प्राथमिकता दिईनेछ।
8. हाल निर्माणाधिन रहेका नगरपालिकाको प्रशासनिक भवन, सबै वडा कार्यालयहरुको भवन, सबै वडाहरुमा स्वास्थ्य संस्थाका भवन निर्माण कार्य आगामी वर्ष पुरा गरी सेवा प्रवाह गरिनेछ।
9. नगरपालिकाका सवै वडाहरुबाट माग भएका आयोजनाहरुको सुची तयार गरी नगर स्तरीय योजनाबैंक तयार गर्ने र आगामी आर्थिक वर्षहरुमा सोही योजना बैंकबाट आयोजना छनौटगरी कार्यान्वयन गर्दै लैजाने गरी विकासको योजना तयार गरिनेछ।
10. नगरस्तरीय योजना बैङ्कमा समाबेशयोजनाहरुको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त योजनाहरुको DPR तयारगरिनेछ र सोहि अधारमा संघ, प्रदेश र नगरपलिका बाट बजेट ब्यबस्थापन गरी क्रमशः सञ्चालन गरिनेछ।
11. नगरस्तरीय गौरव का आयोजनाहरु छनौट तथा DPRतयार गरी बहुवर्षीय आयोजनाको रुपमा सञ्चालन गरिनेछ ।
12. अधुरा आयोजनाहरु सम्पन्न गर्ने र एक भन्दा बढी वडा समेट्ने आयोजनाहरुलाई प्राथमिकता दिई कार्यान्वयन गरिनेछ ।
13. पूर्वाधार निर्माण सम्बन्धी आयोजना तर्जुमा गर्दा बाल मैत्री, अपाङ्ग मैत्री र बातावरण मैत्री प्रावधानलाई समावेश गरीकार्यान्वयन गरिने छ ।
14. नगरक्षेत्र भित्र दिर्घकालीन सडकको आवश्यकताको पहिचानगरी नगरस्तरीय यातायात गुरुयोजना तयार गरी नगरका सडकहरुको बैज्ञानिक बर्गीकरण गरी सडक अधिकार क्षेत्र (Right of Way) निर्धारण गरी लागू गरिने छ।
15. निर्मित पूर्वाधारको उपयोग र दिगो व्यवस्थापनका लागि मर्मत सम्भार कोष स्थापना गरीपूर्वाधारको उपयोग र दिगो व्यवस्थापन मर्मत सम्भार सम्बन्धी कार्यबिधि तय गरी लागू गरिनेछ।

16. पूर्वाधार निर्माण बातावरणीय सन्तुलन र संरक्षण कार्यलाइ ब्यबस्थित गर्न " नगरपालिकामा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन" वमोजिम आयोजनाहरुको वातावरणीय अध्ययन (संक्षिप्त, प्रारम्भिक वातवरणीय प्रभाव मूल्याङ्कन (IEE) र वातावारणीय प्रभाव मूल्याङ्कन ( EIA )) तयार गरी सोहि अनुसार कार्यान्वयन गरिनेछ।

17. आयोजना छनौट गर्दा आयोजनाको पुर्व सम्भाब्यता अध्ययन, सम्भाब्यता अध्ययन, बातावरणीय अध्ययन गर्ने तथा सम्पन्न आयोजनाहरुको प्रभाव मुल्याङ्कन, Sustainability plan तयार गरी सोही अनुसार कार्यान्वयन गर्ने नीति लिइनेछ ।

18. नगरका स्वीकृत वार्षिक योजनाको समग्र कार्यान्वयन स्थिति मूल्याङ्कन गर्ने र मूल्याङ्कन प्रतिबेदनका अधारमा आगामी बर्षको योजना तर्जुमा गर्ने नीति अवलम्बन गरिने छ ।

19. समग्र नगरको फोहर मैला ब्यबस्थापनकालागी 3Rसिद्धान्त अनुसार सबैप्रकारका श्रोत बाट उत्पादन हुने फोहोर मैला व्यवस्थापन बिधि तयार गरी फोहोर मैला व्यवस्थापन गरिनेछ।

20. नगर क्षेत्रमा औद्योगिक बिकासकालागी आवश्यक औद्योगिक पूर्वाधार निर्माण सम्बन्धमा कार्यबिधि तयार गरी सम्भाब्यता अध्ययन कार्य अगाडि बढाइनेछ।

21. नगरपलिकाका मुख्य सडकहरुको Road Inventory तयार गरी सोही आधारमा सडक मर्मत तथा स्तरोन्नती गर्ने नीति अबलम्बन गरिनेछ।

22. नगर क्षेत्रमा निर्मित पुर्वाधारहरुको Computerized Data Base तयारगर्न आवश्यक Software ब्यबस्थागरी बिकास निर्माण कार्यको एकिकृत Record system बाट प्रतिबेदन तयार गर्ने ब्यबस्था गरिनेछ ।

## भवन आवास तथा शहरी विकास

1. ब्यबस्थित र सुरक्षित सहरी बिकासकालागि नगरपलिकाले अफ्नै भवन निर्माण तथा बस्ती बिकास सम्बन्धी मापदण्ड तय गरी लागु गरिनेछ ।
2. नगरक्षेत्रको जोखिम संवेदनशील भू-उपयोग योजना तयार गरी सोको आधारमा पूर्वाधार निर्माण एवं भवन निर्माण तथा बस्तीबिकास गर्ने नीति लिईने छ ।
3. घर भवन निर्माण गर्दा अनिवार्य रुपमा नक्सा पास गर्नुपर्ने व्यवस्था अनिवार्य रुपमालागू गरिने छ ।
4. मेयर आवास कार्यक्रम अन्तरगत सुरक्षित आवासनिर्माण गरीहस्तान्तरण गरिने छ
5. चेपाङ तथा विपन्न आवासकार्यक्रमलाई निरन्तरता दिईने छ ।
6. घरको छाना विस्थापन गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।
7. डकर्मी / सिकर्मी तालिम सञ्चालन गरी निर्माण गुणस्तर सुधार तथा जिबिकोपार्जनमा सुधार गरिनेछ ।
8. नक्सापास कार्यलाई ब्यबस्थित गरी सम्बन्धित वडामा अभिलेख पठाईने ब्यावस्था गरिनेछ ।
9. नगरपालिकामा हुने विकास आयोजनाको निर्माण र निर्माण सामग्रीहरुको गुणस्तर सुनिश्चित गर्न नगरपालिकामा निर्माण सम्बन्धी एक आधुनिक प्रविधियुक्त प्रयोगशाला स्थापना र संचालन गरिनेछ।
10. भवन संहिताको प्रवर्धन, ब्ववस्थापन तथा कार्यान्वयन सम्बन्धि कार्यहरु गरिनेछ ।
11. सडक नक्सांकन र घर नम्बर प्रदान गर्ने कार्य आगामी आर्थिक बर्षमा प्रारम्भ गरिने छ ।

12. भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुको लागि व्यवस्थापन गर्न सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरी जग्गाधनी प्रमाणपत्र वितरण गरीनेछ।

## संस्थागत बिकास सुशासन तथा क्षमता अभिबृद्धी तर्फ

1. नगरपालिका अन्तर्गतका संपूर्ण बिषयगत शाखामा कार्यरत कर्मचारीहरुलाई निजहरुले सम्पादन गर्ने कामको आधारमा आवश्यकता पहिचान गरी क्षमता अभिबृद्धी सम्बन्धी कार्यक्रमहरु संचालन गरिने छ ।
2. नगरपालिकाका जनप्रतिनिधिहरु, बिषगत समितिका पदाधिकारीहरु, उपभोक्ता समितिका पदाधिकारीहरु र निर्माण व्यावसायीको समेत क्षमता विकास गरिने छ।
3. न्यायिक समितिको कार्यसम्पादन अझै व्यवस्थित र सुदृढ ढंगबाट अगाडी बढाईनेछ।
4. न्यायिक समितिका पदाधिकारीहरु, मेलमिलाप समितिका पदाधिकारीहरु र मेलमिलापकर्ताहरु लाई आवश्यकता पहिचान गरी गुणस्तरीय न्याय संपादन गर्नका लागि  क्षमता अभिबृद्धी संबन्धी तालिमहरु संचालन  गरिने छ ।
5. नगरपालिकाको संगठन तथा व्यवस्थापन (O&M)  सर्भे गरीप्रत्येक शाखामा आबश्यकताको आधारमा कर्मचारी व्यवस्थापन गरी निजहरुले संपादन गर्ने काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवरणतोकी सेवा प्रवाह सरल चुस्त र दुरुस्त बनाइने छ ।
6. बार्षिक खरिद योजना तयार गरी एक बर्षको लागी आबश्यक मालसामान परामर्श सेवा र निर्माण कार्य खरिद गर्दा प्रतिश्पर्धात्मक पारदर्शी खरिद विधी अनुरुप गरिने छ ।
7. नगरपालिकामा घटेका सवै व्यक्तिगत घटना ३५ दिन भित्र दर्ता गराउने अभियान संचालन गरिने छ ।
8. जन्मदर्ताको लागि महिला स्वंयम सेविका र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरु लाइ परिचालन गर्ने र बालबालिका लाई दिइने दोस्रो खोपको लागि अनिवार्य रुपमा जन्मदर्ता प्रमाण-पत्र पेश गर्नुपर्ने व्यवस्था गरी पाँच वर्ष भित्रका सबै बालबालिकाको जन्मदर्ता गर्ने व्यवस्था मिलाइने छ।
9. कार्यालय बाट प्रदान गरिने सेवा प्रवाहामा ढिलासुस्ती नहोस भन्नाका लागि  मेशिनरी उपकरण, कम्प्युटर, ल्याप्टप, प्रिन्टर लगायत सुचना प्रविधि जन्य उपकरणको  समुचित व्यवस्था मिलाइने छ ।
10. अनुगमन प्रयोजनको लागि  आवस्यक पर्ने  सवारी साधन खरिद गरिने छ ।
11. नगरपालिकाको आन्तरिक आय समेतलाई विश्लेषण गरी कर्मचारीहरुको मनोवल उच्च राख्न अध्ययन गरी प्रोत्साहन र दण्डको व्यवस्था मिलाइने छ।

12. सबै वडा कार्यालयहरु बाट निर्वाध रुपमा अनलाइन घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धी कार्य सम्पादन गर्नको लागि वडामा कार्यरत सहायक कर्मचारीहरुलाई समेत अनलाइन घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धी तालिम प्रदान गरिने छ ।
13. नगरपालिकावाट प्रदान गरिएका सेवाहरुको बारेमा सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, गुनासो सुन्ने व्यवस्था मिलाई पारदर्शिता अभिबृद्धि गरिने छ ।
14. नगर प्रहरीको व्यवस्था गरी नगरपालिकाले गर्ने नियमन सेवालाई व्यवस्थित र प्रभावकारी वनाईने छ ।
15. न्याय सम्पादनलाई व्यवस्थित वनाउन न्यायिक ईजलास तयार गरिने छ ।

## वातावरण तथा विपद् व्यवस्थापन

### वन व्यवस्थापन

1. वैकल्पिक उर्जा प्रवर्धनका लागि सरकारी गैरसरकारी र निजी क्षेत्रसंग सहकार्य गरी सौर्यउर्जा, बायोग्यास उत्पादन र प्रयोग गर्न प्रोत्साहित गरिने छ ।
2. "क्लीन कालिका ग्रिन कालिका" भन्ने नारालाई आत्मसात गर्दै खुला स्थानमा बृक्षारोपण कार्यक्रम संचालन गरिने छ । घरनक्सा पास गर्दा अनिवार्य रुपमा घर कम्पाउण्डमा बृक्षारोपण गर्नु गर्ने व्यवस्था गरिने छ ।
3. सडक निर्माण गर्दा वायो ईन्जिनियरिङ्ग, बृक्षारोपण गर्ने र खुल्ला स्थानमा पार्क निर्माण एवम् हरियाली प्रवर्धन गरिने छ ।
4. वन पैदावारको चोरी निकासी रोक्ने कार्यमा सामुदायिक वन तथा सम्वन्धित संस्थासंग आवस्यक समन्वय गरिने छ ।
5. सामुदायिक वनमा तेजपत्ता, चिउरी,वेत, वेतबाँस, अमृसो, वावियो र अन्य आय आर्जन हुने वनस्पतीहरुको बृक्षारोपण गरी वनलाई आय प्राप्त गर्ने स्रोतकोरुपमा विकास गर्न सहयोग गरिने छ ।
6. प्रत्येक वडामा उद्यान निर्माण गर्न एक वडा एक उद्यानको कार्यक्रम संचालन गरिने छ ।
7. सार्वजनिक जग्गाहरुको संरक्षण गर्न अभिलेखीकरण गर्ने, अतिक्रमण हटाउने र तारवार गरिने छ ।

## वातावरण संरक्षण सम्वन्धी

1. नगरको फोहोरमैला व्यवस्थापन सम्वन्धमा अध्ययन गरी सार्वजनिक निजी साझेदारीमा फोहोरमैला व्यवस्थापन गरिने छ ।
2. शहरी क्षेत्रमा ढल निर्माण गर्ने नीति लिईने छ ।
3. स्थानीय संचार माध्यम, गैसस र निजीक्षेत्रसंग सहकार्य गरी जनचेतनामूलक वातावरणीय सुधार तथा प्रदुषण नियन्त्रणका कार्यक्रमहरु संचालन गरिने छ ।
4. भूसंरक्षण, नदी कटान तथा वातावरण व्यवस्थापनका कार्यलाई एकिकृत रुपमा संचालन गरिने छ ।
5. सामुदायिक वनक्षेत्रमा पोखरी निर्माण, मूल तथा सिमसार क्षेत्रको संरक्षण गरिने छ ।
6. नदिजन्य पदार्थ उत्खनन र प्रयोग गर्दा अनिवार्य रुपमा वातावरणीय अध्ययन गरिने छ ।
7. जैविक विविधता संरक्षण जलवायु परिवर्तन अनुकुलन तथा असरहरुको न्यूनिकरण गर्ने कार्यक्रमहरु संचालन गरिने छ ।

## विपद् व्यवस्थापन

1. नगरक्षेत्रमा हुनसक्ने चटयाङ्ग, विधुतीय सर्किट तथा आगलागी वाट हुने क्षतिको न्यूनिकरण गर्न वारुणयन्त्रको सेवालाई अझै प्रभाकारी बनाईने छ ।
2. नगरक्षेत्रमा सम्भावित वाढी, पहिरो, भू क्षय, भुकम्प, हावाहुरी जस्ता प्रकृतिक विपत्तीबाट धनजनको क्षति न्यूनिकरण गर्ने कार्यक्रमहरु संचालन गरिने छ ।
3. जंगली जनावरको आक्रमण, सर्पको डसाई र हैजा झाडापखला जस्ता गर्मी मौसममा हुनसक्ने प्रकोप तथा जाडोयाममा शितलहर वाट हुनसक्ने परिस्थितिको सामना गर्न आवस्यक व्यवस्था मिलाईने छ ।
4. विपद् व्यवस्थापन सम्वन्धी जनचेतना पूर्व तयारी राहात उद्दार पुनर्स्थापना का कार्यहरु प्राथमिकताका साथ संचालन गरिने छ ।
5. सवारी दुर्घटना न्यूनिकरण गर्न नगरका विभिन्न स्थानमा ट्राफिक संकेतहरुको व्यवस्था गरि ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
6. कुखुरखोलालाई थाङखोलामा डाईभर्सन गरि बाढीबाट हुने प्रकोपलाई ब्यबस्थित गरिनेछ।